आज मिति २०७६/०६/१२ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री शेषकान्त पौडेल | सदस्य - सचिव | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

# मितिः २०७६।०६।१२ गतेको बुद्धभूमी नगरकार्यपालिकाको निर्णयहरु

**प्रस्ताव नं. १:** "घ" बर्गको ईजाजत पत्रको नाम परिवर्तन, नामसारी/ठाउँसारी सम्वन्धि व्यवस्था गर्ने सम्वन्धमा ।

**निर्णय :** कुनै निर्माण व्यवसायीबाट आफ्नो नाममा रहेको ईजाजत पत्रको नाम परिवर्तन, नामसारी वा ठाउँसारीका लागि माग भै आएमा प्राइभेट फर्म/कम्पनी दर्ता गर्ने निकायबाट सो फर्म/कम्पनीको नाम, स्वामित्व, सञ्चालक तथा ठेगाना परिवर्तन भै फर्म/कम्पनीको नाममा स्थायी वा अस्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र समेत प्राप्त गरी पेश हुन आएमा यसै कार्यविधिको अनुसूची ५ बमोजिमको योग्यता पुगेका फर्म/कम्पनीको नाम, संचालकको नाम र ठेगाना समेत ईजाजत पत्र तथा कार्यालयको ईजाजत पत्र दर्ता किताबमा समेत जनाई ईजाजत पत्र दिन सकिनेछ । ठाउँसारीको हकमा सम्बन्धिउत प्रमाण पत्र जारी गर्ने कार्यालयबाट ठाउँसारीको प्रमाण पत्र जारी भै आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेमा ठाउँसारीको अनुमति प्रदान गरिनेछ । नामसारी तथा ठाउँसारीको शुल्क अनुसूची २ बमोजिम हुनेछ। अनुसूची २ को महलमा नाम परिवर्तन रू. १०००।-, नामसारी बापत रू. ३०००।- र ठाउँसारी बापत रू. २०००।- थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २:** यातायात व्यवस्था विभाग, काठमाण्डौवाट गोरुसिंगे रिफ्रेस सेन्टर निर्माणको लागि सहयोग तथा प्रतिवद्धता माग गरेको सम्वन्धमा ।

**निर्णय :** यातायात व्यवस्था विभाग, काठमाण्डौबाट बुद्धभूमि नगरपालिका वडा नं. २ गोरुसिंगेको जिल्ला ट्राफिक कार्यालय र इलाका प्रहरी कार्यालयको बीचमा पर्ने जग्गा मध्ये १ विगाहा १० कठ्ठा जग्गामा सुविधा सम्पन्न रिफ्रेस सेन्टर निर्माणको लागि यातायात व्यवस्था विभाग, काठमाण्डौलाई आवश्यक सहयोग तथा प्रतिवद्धता व्यक्त गरिएको व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३:** घरनक्सा निर्माण सेवा दिएका सेवा प्रदायक संस्थाहरुले घर नक्सा निर्माणको लागि परिमार्जन सहित पेश गरेको प्रस्तावको सम्वन्धमा ।

**निर्णय :** यस बुद्धभूमि नगरपालिकामा कार्यक्षेत्र बनाएका बुद्धभूमि इन्जिनियरङ एसोसियसनले घर नक्सा निर्माणको लागि प्रस्ताव गरेको दररेट सम्बन्धमा छलफल हुँदा निम्न बमोजिम दररेट मिति २०७६।६।१२ गतेदेखि कायम गर्ने निर्णय गरियो ।

| क्र.स. | तल्लाको विवरण | १००० वर्गफुट सम्म न्यूनतम रकम | १००० वर्गफुट भन्दा माथि प्रति वर्गफुट |
|---|---|---|---|
| १. | भुईतल्ला | ४०००।- | रू. ५।- |
| २. | भुईतल्ला + प्रथम | - | रू. ४।- |
| ३. | भुईतल्ला + प्रथम + थप | - | रू. ३।- |
| उक्त दररेटभित्र घर नक्साको सुपरिवेक्षण समेत समावेश हुनेछ । | | | |

२०७६।०६।१२
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. ४:** ग्रामिण विधुतीकरणको लागि आवश्यक सामाग्री उपलब्ध गराउने सम्वन्धमा गरिएको पत्राचारको सम्वन्धमा।

**निर्णय:** नेपाल विद्युत प्राधिकरण कृष्णनगर शाखा अन्तर्गत पर्ने वडाहरूले ग्रामिण विधुतीकरणको लागि आ.व. २०७६/०७७ को लागि आवश्यक सामाग्री उपलब्ध गराउने सम्वन्धमा माग गरिएको विवरण यथाशिघ्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ५:** River Bed Material उत्खनन् गर्ने सम्बन्धमा।

**निर्णय:** भालुवाङ-वागदुला-भिमगिट्टे, चन्द्रौटा-कृष्णनगर, लमही-घोराही-तुलसीपुर सडक योजना, लमही दाङको सडक खण्डको लागि यस नगरपालिकाको खोला तथा नदीबाट River Bed Material उत्खननको लागि माग गरेकोमा ठेक्का प्रक्रिया सुरू भई सकेकोले सोही अनुसार ठेकेदारबाट उठाउने/प्राप्त गर्ने गरी जानकारी गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ६:** स्थानीय राजश्व संकलन सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाका अन्तर्गत रहेको बुद्धभूमि उद्योग वाणिज्य संघको अनुरोध बमोजिम स्थानीय राजश्व संकलनको लागि सहयोग पु-याउने व्यहोरा अवगत भए अनुसार असुली भएको राजश्व रकम मध्येबाट २०% रकम बुद्धभूमि उद्योग वाणिज्य संघलाई व्यवस्थापन खर्च गर्नको लागि उपलब्ध गराउने गरी आवश्यक प्रक्रिया कार्यालयबाट पुरा गरी संकलनको लागि सहमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. ७: सामुदायिक सिकाई केन्द्रहरूको कार्यक्षेत्र विभाजन सम्बन्धमा।**

**निर्णय :** यस नगरपालिका स्थित संचालनमा रहेका तपसिलका सामुदायिक सिकाई केन्द्रहरूको कार्यक्षेत्र देहाय बमोजिम हुनेगरी निर्णय गरियो।

क) भृकुटी सामुदियक सिकाई केन्द्र - कार्यक्षेत्र वडा नं. १, २, ३ र ४

ख) राजपुर सामुदायिक सिकाई केन्द्र - कार्य क्षेत्र वडा नं. ५, ८ र ९

ग) महुवा सामुदायिक सिकाई केन्द्र - कार्य क्षेत्र वडा नं. ६, ७ र १०

**प्रस्ताव नं. ८ :** अनौपचारिक शिक्षा सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको आ.व. २०७६।०७७ को बार्षिक कार्यक्रम अनुसार अनौपचारिक तर्फ निरन्तर शिक्षाका कक्षाहरू सबै वडाहरूमा १/१ वटा सञ्चालन गर्ने कक्षा संचालन स्थान एवं सहयोगी कार्यकर्ता छनौटका व्यवस्थापन सम्बन्धित वडाबाट नै गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९:** शिक्षण सिकाई अनुदान सम्बन्धमा।

**निर्णय:** यस नगरपालिका स्थित सामुदायिक तथा धार्मिक विद्यालयहरूलाई शिक्षण सहयोग बापत अनुदान चौमासिक रूपमा निकासा दिदै आएकोमा अब उप्रान्त आ.व. २०७६/०७७ को कार्यक्रमबाट अनुदान एकमुष्ट रूपमा विद्यालयको खातामा निकासा दिने र आवश्यक जनशक्तिको व्यवस्थापन विद्यालयले मिलाउने निर्णय गरियो।

२०७६/०६/१२

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. १०:** बडा दशै २०७६ को उपलक्ष्यमा शुभकामना आदान प्रदान गर्ने सम्वन्धमा ।

**निर्णय:** नेपालीहरूको महान पर्व वडा दशैं, दिपावली, छठपर्वको पावन अवसरमा नगरवासी, देशबासी, आमाबुवा, दिदीबहिनी, दाजुभाई, सम्पूर्णमा सुस्वास्थ्य, समृद्धिको मंगलमय हार्दिक शुभकामना व्यक्त गदर्छौं भनी निर्णय गरियो ।

**प्रस्ताव नं. ११ स्वागत सम्बन्धमा ।**

**निर्णय:** यस बुद्धभूमि नगरपालिकामा सरूवा भै आउनु भएको प्रमुख प्रशासकीय अधिकृत श्री शेषकान्त पौडेल मिति २०७६।०६।०५ गतेदेखि हाजिर भई कामकाज गर्नु भएको हुँदा उहाँको सफल कार्यकालको कामना सहित स्वागत गरियो ।

**प्रस्ताव नं. १२ : विविध**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | प्रकाश थारू बुद्धभूमि न.पा. वडा नं. २ निवासी प्रकाश थारूकाको पक्षघात रोगले बायाँ हात खुट्टा अपाङ भएकोले उपचारको लागि रू. १०,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | १०,०००।- |
| २ | इन्द्रावती थारू बुद्धभूमि न.पा. वडा नं. ३ निवासी घिसु प्रसाद थारूको पत्नि इन्द्रावती थारूको दुवै मृगौला काम नलाग्ने भएकोले उपचारको लागि रू. ७०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ७,०००।- |
| ३ | कलशुमा मिया वडा नं. ५ राजपुर निवासी हजरतअलि मियाको छोरी कलशुमा मियाको पेटमा २ वटा गोला देखिन गई उपचारको लागि रू. ७,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ७,०००।- |
| ४ | सद्दाम हुसैन बुद्धभूमि न.पा. ५, इस्लामनगर निवासी रजा मुस्लिम कमेटी बुद्धभूमि न.पा. ५ ले जलसा नामक प्रवचन आयोजनाको लागि रू. ७,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ७,०००।- |
| ५ | सोना चमाइन बुद्धभूमि न.पा. ९ निवासी नन्दु कोरीको श्रीमत्ती सोना चमाइन विगत १ बर्षदेखि उपचार गराई रहेकोले उपचारको लागि रू. ७,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ७,०००।- |
| ६ | निर्मला थारू बुद्धभूमि न.पा. २ निवासी विसरू थारूको छोरी निर्मला थारू बुटवल बहुमुखी क्याम्पस रूपन्देहीमा अध्ययन गरीरहेको र निज दृष्टिविहिन भएकोले अध्ययनलाई निरन्तरता दिनको लागि रू. ६,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ६,०००।- |
| ७ | सनम थारू बुद्धभूमि न.पा. ४ निवासी भगु थारूको छोरी सनम थारू बुटवल बहुमुखी क्याम्पस रूपन्देहीमा अध्ययन गरीरहेको र निज दृष्टिविहिन भएकोले अध्ययनलाई निरन्तरता दिनको लागि रू. ६,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | ६,०००।- |
| ८ | हिमालय स्पोटर्स क्लब बुद्धभूमि न.पा. ९ बकुलीपुरले प्रथम जिल्ला स्तरीय खुल्ला नकआउट फुटबल प्रतियोगिता आयोजना गरेकोले उक्त खेलकुद प्रतियोगिताको लागि रू. २०,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो । | आर्थिक सहयोग | २०,०००।- |

२०७६।०६।१२

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ९ | नेवाः देय् दबू केन्द्रीय कार्यालय, क.व.न.पा. १७ लाई स्मारिका प्रकाशनमा यस नगरपालिकाको विज्ञपान प्रकाशनको लागि रू. १५,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहयोग | १५,०००।- |
| १० | दधि-स्मृति साहित्य समाज बुद्धभूमि न.पा. सहित्य सन्धया, कवि गोष्ठी, रचना वाचन, कृति विमोचन तथा स्रष्टा सम्मान कार्यक्रमको लागि रू. १०,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहयोग | १०,०००।- |
| ११ | Kapilvastu District Bodybuilding & Fitness Association, Kapilvastu कपिलवस्तु शारिरीक सुगठन तथा फिटनेस संघ कपिलवस्तुको प्रतियोगिता मिस्टर कपिलवस्तुश्रीको लागि रू. १०,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहयोग | १०,०००।- |
| १२ | ८ नं. वडा कार्यालयको पत्र सम्बन्धमा। वडा नं. ८ मधुनगर बस्ने लाले खटिकको छोरा शिव पुजन खटिको पेट सम्बन्धी अपरेसन गर्नु पर्ने भएकोले उपचारको लागि रू. ७,०००।- आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहयोग | ७,०००।- |
| १३ | इलाका प्रहरी कार्यालय गोरूसिंगेको लागि वडा दशै (२०७६)दुर्गा पुजाको लागि आर्थिक सहयोग शिर्षकबाट रू. १५,०००।- उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहयोग | १५,०००।- |

२०७६।०६।१२

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner